नील हिरा
# आवाज
वर्ष १ अंक ४

## Cook तालिम सम्पन्न



आफ्नो फरक यौनिकता तथा लैंगिकताको कारण घर, समाज र आफ्ना आफन्तबाट विस्थापित र राज्यको हरेक अवसरवाट वञ्चित हुनु परेका यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका सदस्यहरूलाई आत्मनिर्भर गर ाउन र जीवन स्तर माथी उकास्ने उद्देश्यले युरोपियन युनियनको सहयोग र नील हिरा समाजको आयोजनामा 4 September 2009 दे खि 23 December 2009 सम्म बन्द प्रशिक्षणमा राखी लगभग तीन महिनाको Cook तालिम सम्पन्न भएको छ । सो Cook सम्बन्धि तालिम दिने जिम्मा यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायको सदस्य तेस्रोलिङ्गी मिना नेपाली ज्यूले लिनुभएको थियो । शिक्षा र रोजगार को अवसर नपाएका यस समुदायको लागि यो तालिम अत्यन्तै फलदायी भएको छ । यस तालिमको समापन संगै तालिम लिने व्यक्तिहरूलाई नील हिरा समाजका कार्यकारी निर्देशक तथा गौरवशाली संविधान सभाका माननीय सभासद श्री सुनिल वावु पन्त ज्यूले प्रमाण पत्र वितरण गर्नुभएको थियो ।

सफलतापूर्वक सम्पन्न भएको यस तालिममा १८ जना यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायका व्याक्तिहरूले उत्सुकतापूर्वक तालिम लिनुभएको थियो । तालिम प्राप्त यौनिक तथा लैङ्गिक समुदायका सदस्यहरूलाई यस Cook तालिम लिएपछि विभिन्न होटल, रेष्टुरेन्ट, सम्म रोजगारीको लागि अवसर सिर्जना गर्न सहयोग पुग्नेछ, र सानो लगानिवाट आफ्नो जिवीकोपार्जन गर्न पनि सक्नेछन् ।



डिसेम्बर २ २००९ का दिन सम्माननीय प्रधान मन्त्री माधवकुमार नेपालज्यूद्धारा आग्रह गरिए बमोजिम नील हिरा समाजको विषयगत कुराहरू साथै बास्तविक मुद्दाहरू बुझ्नका निमित्त एमाले पार्टी केन्द्रिय कार्यालय बल्खुमा भेटघाट भएको थियो । सो अवसर मा सभासद सुनीलबाबु पन्तको नेतृत्वमा यौ निक तथा लैङ्गिक अल्पसंख्यक समुदायको प्रतिनिधित्व गर्दै यस समुदायको सम्माननीय सर्वोच्च अदालतले २०६४ पौष ६ गते गरेको सकारात्मक एवं विश्वमै उदाहरणीय फैसाला सम्बन्धमा प्रधान मन्त्रीज्यूलाई जानकारी गर ाउनु भयो । साथै उक्त फैसलाको कार्यान्वयन ढिलाइ भएको र यसबाट समुदायलाई पर्न गएको असरबारे पनि समासदज्यूले अवगत गराउनु भयो । उक्त भेटघाट कार्यक्रममा तेस्रो लिङ्गि मनिषा ढकाल, सोफी तामाङ्, सन्ध्या लामा, सुशिला लामा लगायतले बर्तमान परिस्थितिको बारेमा समुदायको एवं व्यक्तिगत अवस्था जानकारी गराए । सभासद सुनील बाबु पन्तज्यूले आगामी बन्ने नयाँ संविधानमा यस समुदायको हक अधिकार सुनिश्चित गर्नका निमित्त प्रधान मन्त्रीज्यूसँग आग्रह गर्नुभयो ।

# सभासदसंगको छलफल कार्यक्रम सम्पन्न

नयां बन्ने नेपालको संविधानमा यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायहरूप्रति पर्याप्त सचेतना वृद्धि गर्न तथा यस समुदायको सम्बन्धमा सभासदहरूको समान धारणा बनाउन नील हिरा समाजले मिती डिसेम्बर ३० का दिन एभरेष्ट होटलमा करिब ३ घण्टे अर्न्तकृया कार्यक्रम संचालन गरेको थियो । नयां बन्ने संविधानले यो समुदायलाई समावेश गर्छ भन्ने सुनिश्चिता तव मात्र संभव छ, जतिवेला दुइ तिहाई सभासदहरू यो समुदायलाई अधिकार प्रदत्त गराउन समान धारणा बनाएका हुनेछन् ।

यसै अभियानलाई निरन्तरता दिने उद्धेश्यले नील हिरा समाजले उक्त अर्न्तकृया कार्यक्रम चलाएको थियो । कार्यक्रमको शुरूमा सभासद सुनिल बाबु पन्तले यौनिकता, लैंगिकता, समलिंगी, तेश्रोलिंगी तथा यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायको बारेमा व्याप्त अन्यौललाई तोड्न सरल रूपमा यस समुदायको बारेमा प्रस्तुती गर्नु भएको थियो । करिब ३० जना जति सभासदहरू उपस्थित रहेको उक्त कार्यक्रममा समाजमा स्थापित विपरित लिंगीवाद, हिन्दुवाद तथा एकल संस्कृतिले समलिंगी तथा तेश्रो लिंगीको अस्तित्व तथा उनीहरूको मानवअधिकार ओझेलमा मात्र नपरि उनीहरूमाथि हुने गरेका हिंसा, विभेद तथा अन्यायलाइ प्रकास पार्नु भयो । घर, परिवार, समाज तथा राज्यबाट अन्याय र लांछनाका शिकार भएका यो समुदायलाई अब बन्ने संविधानले अन्य नागरिक सरह हक अधिकार प्रदान गर्नु पर्ने कुरा उल्लेख गर्नु भयो । यसैगरि सभासद तथा युवा नेता गगन थापाले मौलिक हक तथा राज्यका निर्देशक सिद्धान्त उपसमितीको प्रारम्भिक प्रतिवेदले यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायको हक, अधिकार तथा पहिचानका कुरा कुन कुन बुंदामा समेटेको छ भनी जानकारी गराउनु भयो । उहांले नयां बन्ने संविधान समावेशी र समयमै बन्न नागरिकको रूपमा यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायको पनि संयुक्त दवावको खांचो रहेको उल्लेख गर्नु भएको थियो ।

# नेपालको दोस्रो ठूलो दलद्वारा समलिंगी तथा तेस्रोलिंगीलाई स्वागत

यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायकी चर्चित मानवअधिकारकर्मी तथा तेस्रो लिंगी श्री भुमिका श्रेष्ठ औपचारिक रूपमा नेपाली कांग्रेस दलमा प्रवेश गरेकोमा नील हिरा समाज लगाएत नेपाल भरीका सम्पूर्ण यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायहरूले बधाई ज्ञापन गरेका छन् । नेपालमा रहेका ठूला दलहरू मध्येको एक नेपाली कांग्रेस पार्टीले यसरी औपचारिक रूपमा स्वागत गर्नुले भोलिका दिनमा यौनिक तथा लैंगिक अल्पसंख्यकहरू सम्बन्धी उसका नीति कार्यक्रमहरूमा समावेश गर्दै लैजाने देखिन्छ । जुन कुरा हाम्रो समुदायको लागि सफलताको विषय बन्न पुगेको छ । यस कार्यक्रममा भूमिका श्रेष्ठलाई नेपाली कांग्रेसका केन्द्रिय सदस्य तथा बरिष्ठ राजनितिज्ञ एवं विश्लेषक प्रदिप गिरीद्वारा नेपाली कांग्रेस काठमाडौं, कलंकी क्षेत्रीय कार्यालयमा अविर मालाका साथ स्वागत गर्दै उक्त कार्यक्रममा प्रदिप गिरीले यो संसारको अन्तिम क्रान्ति समलिंगी एवं तेस्रोलिंगी क्रान्ति हुनेछ भन्नुभयो । यस





**राज्यले तेश्रो लिंगी नागरिकलाई नागरिकता सहितको पहिचानको सम्मान गरोस् ।**



**डिसेम्बर ११**

यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको महासंघ र नील हिरा समाजको संयुक्त आयोजनामा पहिलो पटक "लेसवियन एण्ड ट्रान्सजेन्डर ट्यालेन्ट सो" (मिस्टर पिंक २०१०) राष्ट्रिय नाचघर जमल काठमाडौंमा सम्पन्न भयो । सो प्रतियोगितामा मिस्टर पिंक २०१० को उपाधि सुमन तामाङ्ले प्राप्त गर्नुभयो । साथै फस्ट रनर अप पोखराको विष्णु अधिकारी (नेपालको पहिलो तेस्रोलिङ्गी नागरिकता प्रापक), सेकेन्ड रनर अप नेपालगञ्जको मनिस थापा हुनुभयो । उक्त प्रतियोगितामा नेपाल आर्मिबाट समलिङ्गी महिला भएको आरोपमा निकालिएका भक्ति शाह (मिलन)ले मिस्टर पर्सोनालिटिको उपाधि प्राप्त गर्नुभयो । उक्त प्रतियोगितामा नील हिरा समाजका कार्यकारी निर्देशक तथा संविधान सभासद सुनील बाबु पन्तद्वारा पुरस्कार प्रदान गरियो ।



# राष्ट्रिय सम्मेलन




मिति २०६६ पुस ३० गतेका दिन निल हिरा समाजले यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको राष्ट्रिय सम्मेलन महेन्द्र पुलिस क्लबमा संचालन गऱ्यो । उक्त कार्यक्रममा नेपालका विभिन्न भागबाट आएका यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको बाक्लो उपस्थीति थियो । तेश्रो लिंगी शुशिला लामाले उक्त कार्यक्रमको उद्घोषण गर्नुभएको थियो ।

स्वागत मन्तव्यमा सन्ध्या लामा, सुहानी, र करूणा अधिकारीले यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूले भोगीरहेका समस्या र आफ्नो कथा सुनाएर गर्नुभयो । मौलिक हक तथा राज्यको निर्देशनात्मक सिद्धान्त उपसमतिको तर्फबाट सभासद वृन्दा पाण्डेको उपस्थिति थियो । उहाँले यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको हक अधिकारको बारेमा कुरा उठाउने, सबैलाई यसबारे जानकारी दिने कुरा बताउनुभयो । पहिले आफु पनि यो बिषयमा अनभिज्ञ रहेको तर विस्तारै सबै कुरा बुझ्दै गएको कुराको जानकारी दिनुभयो । उहांले संवैधानिक रूपमा यो समुदायको अधिकार स्थापित भएतापनि समाजको ठुलो हिस्सामाझ यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायको अस्तित्व र यथार्थलाई स्वीकार्न समय लाग्ने कुरा बताउनु भयो । यसैले स्थानीय राजनैतिक दलका नेताहरूलाई पनि समुदायका सवाललाई सामान्यीकरण गर्नु पर्ने सुझाव दिनुभयो ।

अधिवक्ता राजु राम भण्डारी र शर्मिला ढकालले मौलिक हक तथा राज्यका निदेशनात्मक सिद्धान्त उपसमितीले तयार पारेको प्रारम्भिक प्रतिवेदन तथा अल्पसंख्यक तथा सिमान्तकृत समुदाय उपसमितीका कुन कुन ठाँउमा यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूका सवाललाई सम्बोधन गरिएको छ भनी समुदायका सदस्यहरूलाई जानकारी दिनुभयो । त्यसपछि प्रश्नोत्तरको समयमा सबैलाई खुल्ला गरिएको थियो । त्यस पछि उपस्थित सबै यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूलाई ८ वटा समुहमा विभाजन गरी दुईवटा शिर्षकमा छलफल गरी सुझावसहित प्रतिवेदन प्रस्तुत गर्न भनियो । ती शिर्षहरू चुनौतिको सामना कसरी गर्ने तथा साझेदारीको निर्माण कसरी गर्ने भन्ने थियो । यी शिर्षकमा काम गर्न एक घण्टाको समय दिईएको थियो । १ देखि ४ समुहले आफ्ना कुराहरू प्रस्तुत गरे र माननीय सभाद तथा नेपाली कांग्रेसका चर्चित नेता र राजनैतिक विश्लेषक श्री प्रदिप गिरिको उपस्थितीमा सभासद तथा निल हिरा समाजका कार्यकारी निर्देशक सुनिल बाबु पन्त ज्यू ले यौनिकता र लैंगिकता, यसका राजनैति, धार्मिक, सांस्कृतिक तथा एतिहासिक पक्षको बारेमा प्रस्तुती गर्नु भयो भने उहांले यौनिक तथा लैङ्गिक अल्पसंख्यक समुदायहरू अवस्थाको बारेमा र यिनीहरूले भोग्नु परेका समस्याहरूका बारेमा पनि सचित्र जानकारी मुलक कार्यपत्र प्रस्तुत गर्नुभयो ।

नेपाली काँग्रेसका सभासद तथा केन्द्रीय सदस्य प्रदिप गिरी ज्यू ले यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूका भेलामा आफु सहभागी हुन पाएकोमा खुशी व्यक्त गर्नुभयो र २१ औं शताब्दिको आन्दोलन अव समलिंगी/तेश्रोलिंगीहरूको आन्दोलन हुने कुरा व्यक्त गर्नुभयो भने उहांले राजनैतिक दलमै प्रवेश गरी समावेशिताको संर्घष गर्नु पर्ने सुझाव दिनु भयो । कार्यक्रमपछि सम्मेलनमा सहभागी समुदाय तथा अन्य संघसंस्थाका यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका सदस्यहरू नयां संविधानको लागी युवाले आयोजना गरेको ऱ्यालीमा सहभागी भए र ऱ्याली बसन्तपुर डबलीमा पुगी समाप्त भएको थियो ।



## पूर्वाञ्चलका यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायले ज्ञापन पत्र बुझाए

पूर्वाञ्चलका यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूले एक कार्यक्रम आयोजना गरी यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको हक अधिकार अब बन्ने संविधानमा सुनिश्चित गर्नु पर्छ भनि राजनैतिक दलका व्यक्तिहरूलाई ज्ञापन पत्र बुझाए । सो कार्यक्रममा नेकपा माओवादीका पुष्प कमल दाहाल (प्रचण्ड), एमालेका अध्यक्ष झलनाथ खनाल, नेपाली कांग्रेसका राम चन्द्र पौडेल, मधेशी जनाधिकार फोरमका अध्यक्ष उपेन्द्र यादव, सभासद सपना मल्ल लगायत मानव अधिकारका सक्रिय व्यक्तित्वहरू दमन नाथ ढुंगाना, कृष्ण पहाडी जस्ता व्यक्तिहरूको उपस्थिति थियो ।

> **"यौनिक तथा लैंगिक अल्पसंख्यक नागरिकको पनि शिक्षा, स्वास्थ्य, रोजगार, आवास तथा खाद्य सुरक्षा जस्ता मौलिक अधिकारको प्रत्याभुत राज्यले तुरून्त गरोस् ।"**
> **– नील हिरा समाज**

# रणनीतिक नेतृत्व विकास तालिम सम्पन्न



प्रमुख प्रशिक्षक सुनील बाबु पन्तका साथ अन्य प्रशिक्षार्थीहरु

मिति जनवरी ८ देखि ११ सम्म चितवनको सौराहामा यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूको आवश्यकतालाई ध्यानमा राख्दै दोस्रो चरणको रणनैतिक नेतृत्व तालिम सम्पन्न भयो । भविष्यमा कुशल नेतृत्वको उत्पादन गर्नका लागि, यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरूलाई समाजमा रहेका अरू नेतृत्वहरूसंग काधमा काध मिलाएर प्रतिस्पर्धा गर्न सक्ने बनाउनका लागि निल हिरा समाजले यो कदम चालेको हो । कुनै पनि व्यक्तिले नेतृत्वको खुवी जन्मजात नै लिएर आउने गुण होईन न त यो कुनै वंशानुगत गुण नै हो नेता भनेको त व्यक्तिको आफ्नो लगनशिलता र लगातारको परिश्रम पछि पाईने उपलब्धी वा गुण हो भन्ने कुराको जानकारी उक्त तालिममा सहभागीहरूले पाएका थिए । निल हिरा समाज, परिचय समाज, ऋुज एडस, नील हिरा समाज भक्तपुर तथा FPED का गरी जम्मा ४५ जना सहभागीले संयुक्त रूपमा यो तालिम लिएका थिए ।

यौनिक तथा लैङ्गिक अल्पसंख्यकहरू माथि हुने हिंसा र भेदभावलाई कम गर्दै, उनीहरूको क्षमता अभिवृद्धि गर्नु र मानव अधिकारको क्षेत्रमा अगाडि बढाई कुशल नेतृत्वको उत्पादन गर्नु तालिमको मुख्य उद्देश्य रहेको थियो ।

तीन दिने यो तालिम ४ दिन सम्म संचालन भएको थियो । पहिलो र अन्तिम दिनमा आधा आधा र बाँकी दिन भने पूरै संचालन भएको थियो । तालिमबारे विस्तृत जानकारीबाट सुरू भएको उक्त तालिममा नेतृत्व भनेको के हो, नेता हुनका लागि चाहिने गुणहरू के के हुन, समयको कत्तिको महत्व रहेको छ, कतिको लगनशिलता र परिश्रमको जरूरी छ, आत्मविश्वास कत्तिको महत्वपूर्ण छ जस्ता कुरा पहिलो दिन सिकाईएको थियो ।

दोस्रो दिन पनि सोहि कुरालाई ध्यानमा राखेर सैद्धान्तिक र व्यवहारीक ज्ञानको बारेमा बुझ्ने मौका सहभागीहरूले पाए । एक आपसको सहयोग र सहकार्यबाट कसरी काम सफल बनाउन सकिन्छ । शिक्षाको साथ साथै मनोरञ्जनको पनि जरूरी रहेको कुरा थाहा पाए । म्यानेजर र नेतामा हुने भिन्नताको बारेमा पनि जानकारी पाए । आफ्नो कमजोरी थाहा पाई त्यसलाई सुधार्नु पर्ने कुरा तथा वास्तवमा हामी के चाहान्छौ के गछौ त्यसको लेखा–जोखा राख्नु आवश्यक रहेको कुरा पनि जान्ने मौका सहभागीहरूले पाएका थिए ।

तेस्रो दिन एउटा राम्रो नेता बन्नको लागी हामीमा के के कमी रहेछ र के के परिर्वतन गर्नु पर्ने रहेछ भन्ने कुराको जानकारी भयो । नेताको काम बारे पनि जानकारी भयो, अरूलाई आफुप्रति आकर्शित गर्न के गर्नु पर्छ, लगायत भाषण गर्ने शैली, व्यवसायीक चिठ्ठी र ईमेल कसरी लेखिन्छ भन्ने जानकारी दिईएको थियो ।

चौथो दिन Chief Executive officer हुन के के गर्नु पर्छ भन्ने कुराको जानकारी दिईएको थियो भने सबै सहभागीहरू संग घुलमिल हुने अवसर पाईएको थियो र साथसाथै विचारको आदान प्रदान पनि सहभागीहरूले एकआपसमा गरेका थिए । समग्रमा यो तालिम साहै नै लाभदायक र फलदायी सावित भयो । अन्तमा । सबै सहभागीहरूले आफुमा क्षमता बढेको महसुस गरेका थिए ।

# राष्ट्रिय समावेशि आयोगलाई सुझाव पेश गरियो

काठमाडौः नेपाल सरकारको राष्ट्रिय समावेशी आयोग मार्फत यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायको लागी आवश्यक संरक्षित प्रावधानहरु, आरक्षणको व्यवस्था तथा सामाजिक सुरक्षा के कस्ता र कति चाहिने हो सुझाव दिनु भनी माननीय सभासद सुनिल बाबु पन्तलाई आएको पत्र अनुसार नील हिरा समाज, काठमाडौ का बोर्डका पदाधिकारीहरु, लगायत वकिल तथा मानवअधिकार परियोजनामा संलग्न कर्मचारीहरु तथा अन्य विभागका कर्मचारीहरुको छलफल पश्चात समुदायको भावना समेटी सुझाव मस्यौदा तयार गरिएको थियो । त्यसरी तयार गरिएको सुझाव मस्यौदा यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायका नेपाल अधिराज्यभरि छरिएर रहेका साझेदारी संस्थाहरुलाई पुनः छलफल गर्न र नसमेटिएका सवालहरुलाई समेटी पठाउन आग्रह गरिए बमोजिम जिल्लाका प्रायः सबै संघ संस्थाहरुले त्यस मस्यौदामा सुझाव तथा सहमति भएको भनी आधिकारीक सर्मथन पेश गरेका थिए ।

त्यसपछि नील हिरा समाजले पुनः ती सुझावहरुलाई सम्पुर्ण यौनिक तथा लैंगिक अल्पसंख्यक समुदायलाई प्रतिविम्बित गर्ने गरी समायोजन गरेर सभासद सुनिल बाबु पन्तले समावेशी आयोगमा पेश गर्नु ती सुझावलाई पेश गर्नु भएको थियो ।

सुझावहरुमा, मुख्य गरी समुदायको शिक्षाको लागी निशुल्क व्यवस्था हुन पर्ने, वैदेशिक अध्ययनमा सुविधा हुन पर्ने, सरकारी निकायहरुमा छुट्याइने समावेशि कोटाको कम्तिमा ५ प्रतिशत सिट यस समुदायको लागि सुरक्षित गरिनु पर्ने, सरकारी वा निजीस्तरका रोजगारीका अवसरमा ५ प्रतिशत कोटा यो समुदायलाई छुट्टयाउनु पर्ने, राजनैतिक पार्टीहरुले आफ्ना हरेक तहका कमिटिहरुमा यो समुदायबाट कम्तीमा ५ प्रतिशत प्रतिनिधित्व गराउनु पर्ने, निर्वाचनमा उम्मेदवार तय गर्दा तथा मनोनित गर्दा समेत सोही अनुसार गर्नु पर्ने, समुदायको व्यक्तिहरुको जिवन स्तर उकास्नका लागि विभिन्न व्यवसाय गर्ने प्रयोजनार्थ नेपाल सरकारको जमानतमा विना व्याज बैंकहरुबाट निश्चित रकम उपलब्ध गराउनु पर्ने, दातृ निकायहरुको समेतको सहयोगमा नेपाल सरकार द्वारा विपन्न तथा पिछडिएको वर्गहरुको लागि संचालित विभिन्न कार्यक्रमहरु यो समुदायको लागि समेत लक्षित गरि वितरण गरिनु पर्ने जस्ता बुंदाहरु थिए ।



**नील हिरा समाज**
शिवभक्तिमार्ग ३४४, खुर्सानीटार, लाजिम्पाट, काठमाडौ, फोन नं ४४४३३५०, ४४५१४७
website: www.bds.org.np, email: bluediamondsociety@yahoo.com

यूरोपेली संघ